# कृपा

राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२२० बारा, २०८३ असोज १६ गते शुक्रबार / षष्ठी / नेपाल संवत् ११४६ / Friday, October 2 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## बारामा देउवा समूहको वडा अधिवेशन सुरु



कलैया,१५ असोज/नेपाली काँग्रेसको नाममा समानान्तर गतिविधि संचालन गर्दैआएको निवर्तमान सभापति शेरबहादुर देउवाको समूहले बारा जिल्लाका १ सय ६७ वटै वडाहरुमा वडा अधिवेशन आयोजना गरेको छ।

देउवा समूहले १५औं महाधिवेशनको लागि छुट्टै महाधिवेशन कार्यतालिका सार्वजनिक गरेपछि बारामा पनि बिहीवार वडा अधिवेशन आयोजना गरिएको हो।

'जिल्लाका सबै वडाहरुमा उत्साहपूर्ण रुपमा अधिवेशन सम्पन्न भएको छ, सो समूहका बारा क्षेत्र नम्बर २ का क्षेत्रीय सभापती रामप्रवेश यादवले भन्नुभयो, पार्टीले भोलि पत्रकार सम्मेलनमार्फत वडा अधिवेशनबाट निर्वाचित सभापतीहरुको नाम सार्वजनिक गर्ने छ।'

देउवा समूहले अधिवेशन सफल पार्न बारामा प्रभातचन्द दहाललाई खटाएको छ। केन्द्रीय प्रतिनिधिसंगको समन्वयमा महाधिवेशनको कार्यतालिका अनुसार पार्टी गतिविधि संचालन भइरहेको क्षेत्रीय अध्यक्ष यादवको भनाइ छ। यसैक्रममा पूर्वमन्त्री एंव नेपाली काँग्रेसका पूर्वसहमहामन्त्री उमाकान्त चौधरी पनि अधिवेशन सफल पार्न बारामा २ सातादेखि सक्रिय बन्दैआउनुभएको छ।

बारामा निवर्तमान जिल्ला सभापति राजेश राय यादवलाई जिल्ला संयोजकको जिम्मेवारी दिइएको छ भने सो समूहले क्षेत्र नम्बर १ मा शोभितलाल मण्डल, क्षेत्र नम्बर २ मा रामप्रवेश यादव, क्षेत्र नम्बर ३ मा सुरेश साह तेली र क्षेत्र नम्बर ४ मा सुनिल गुप्तालाई वडा अधिवेशन गर्ने जिम्मा दिएको थियो।

बाँकी तेश्रो पेजमा

## बाराका प्रजिअ अधिकारीद्वारा शान्ति सुरक्षा कायम गर्न प्रहरीलाई निर्देशन

कलैया, १५ असोज/बाराका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले जिल्लाको शान्ति सुरक्षालाई थप बलियो र प्रभावकारी बनाउन प्रहरीलाई कडा निर्देशन दिनुभएको छ। बुधबार जिल्ला प्रहरी कार्यालय बाराको निरीक्षण गर्दै उहाँले नागरिकको सुरक्षामा कुनै पनि हालतमा सम्झौता नगर्न निर्देशन दिनुभएको हो।

भदौ २४ गते सरुवा भएर बारा आएका प्रजिअ अधिकारीले निरीक्षणपछि प्रहरी कर्मचारीहरूलाई सम्बोधन गर्दै निष्पक्ष, पारदर्शी र व्यावसायिक भएर काम गर्न आग्रह गर्नुभयो। उहाँले कुनै पनि प्रलोभन, दबाब वा पूर्वाग्रहमा नपरी कानूनको पालना गराउन निर्देशन दिए। नागरिकसँग बोल्दा र व्यवहार गर्दा सधैं नम्र र सभ्य हुन तर कानून लागू गर्ने विषयमा कडा रूपमा प्रस्तुत हुन उहाँको निर्देशन थियो।

कुनै प्रहरी अधिकारी वा कर्मचारीले गलत आचरण देखाएमा वा अनुशासनहीन काम गरेमा तुरुन्तै कडा कारबाही गरिने चेतावनीसमेत उहाँले दिनुभयो। प्रजिअ अधिकारीले महिला, बालबालिका तथा वृद्धवृद्धामाथि हुने हिंसाका घटनामा कुनै पनि प्रकारको सम्झौता नगरी दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्ने बताउनुभयो। घरेलु हिंसा, बालविवाह, बहुविवाह, अन्धविश्वास र लागूऔंधष जस्ता सामाजिक विकृतिविरुद्ध चेतनामूलक कार्यक्रमहरू चलाउन उहाँले आग्रह गर्नुभएको छ।




चाडपर्वहरूलाई लक्षित गरी बनाइएको 'हाम्रो सुरक्षा योजना २०८३' लाई पूर्ण रूपमा लागू गर्न, फरार अपराधी पक्राउ गर्न र विपद् व्यवस्थापनको पूर्वतयारीमा जुट्न उहाँले प्रहरीलाई निर्देशन दिनुभएको छ। सीमा क्षेत्रमा हुने चोरीतस्करी, वनजंगल तथा नदीजन्य पदार्थको अवैध दोहन रोक्न सशस्त्र प्रहरीसँग समन्वय गरेर अघि बढ्न उनले जोड दिनुभयो। यसबाहेक सवारी साधनको तीव्र गति, ओभरलोड, जुवातास, अवैध मदिरा र लागूऔषध बिक्रीवितरण नियन्त्रण गर्न प्रहरीलाई पूर्ण रूपमा सक्रिय हुन उहाँको निर्देशन थियो।

कार्यक्रममा बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्थाबारे प्रजिअ अधिकारीलाई जानकारी गराउनुभएको थियो। निरीक्षणमा बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मिनबहादुर घले, इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक दयाकृष्ण भट्टलगायत प्रहरी अधिकारी, कर्मचारीको उपस्थिति रहेको थियो।

## एक वर्षदेखि हराइरहेकी भारतीय महिलाको पारिवारिक पुनर्मिलन

वीरगञ्ज, १५ असोज/एक वर्षदेखि परिवारबाट सम्पर्कविहीन रहेकी महिलाको मानवसेवा आश्रम वीरगन्जको निरन्तर खोजी र समन्वयपछि पारिवारिक पुनर्मिलन भएको छ।

भारतको मोतिहारी जिल्ला राजेपुर थाना, मोहम्मदपुर सागर गाउँ स्थायी घर भई विगत एक वर्षदेखि हराइरहेकी ती भारतीय महिलाको बिहिवार पारिवारिक पुनर्मिलन भएको हो।

इलाका प्रहरी कार्यालय प्रसौनी बाराले उद्धार गरी २०८३ असोज ७ गते बुधबार राति मानवसेवा आश्रम वीरगञ्जमा पुऱ्याएको थियो। आश्रमको तत्परतामा परिवारको पहिचान भएपछि महिलालाई उनका भाइ सोहन रायको जिम्मा लगाइएको आश्रमका संस्थापक अभियन्ता देवेश गुप्ताले जनाउनुभएको छ।

सडक तथा सार्वजनिक स्थानमा अलपत्र परेका व्यक्तिहरूको उद्धार, संरक्षण, उपचार र पारिवारिक पुनर्मिलन गराउँदै आएका संस्थापक गुप्ताका अनुसार हराइरहेकी महिलालाई आफन्तको सम्पर्कमा ल्याई पुनर्मिलन गराउन सक्नु आश्रमको सेवाकार्यको ठूलो उपलब्धि हो।

यस परोपकारी कार्यमा सहयोग पुऱ्याउने इलाका प्रहरी कार्यालय प्रसौनी, सामाजिक अभियन्ता विनय कुमार तथा सम्पूर्ण सहयोगीहरूप्रति आभार व्यक्त गर्दै आश्रमले एक वर्षपछि परिवारसँग जोडिन पाएको यस घटनालाई मानवसेवाको महत्त्वपूर्ण सफलताका रूपमा लिएको छ।




## तलब बढाउन माग गर्दै गौरका करारका स्वीपर हडतालमा



रौतहट, १५ असोज/रौतहटको गौर नगरपालिकामा कार्यरत करारका स्वीपरहरू तलब वृद्धि गर्न माग गर्दै हडतालमा उत्रिएपछि बिहीबारबाटनगर क्षेत्रमा नियमित रूपमा फोहोर उठाउने

बाँकी तेश्रो पेजमा

## शनिबार र आइतबार अनिवार्य बिदा दिन महानगरपालिकाको निर्देशन

पर्सा,१५ असोज/वीरगञ्ज महानगरपालिकाले शनिबार र आइतबार अनिवार्य सार्वजनिक बिदा दिन विद्यालयलाई निर्देशन दिएको छ।

वीरगञ्जका केही संस्थागत विद्यालयले आइतबारसमेत पठनपाठन सञ्चालन गरिरहेको गुनासो आएपछि महानगरपालिकाले महानगर क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक तथा संस्थागत (निजी) विद्यालयलाई प्रत्येक हप्ता शनिबार र आइतबार अनिवार्य सार्वजनिक बिदा दिन निर्देशन दिएको हो।




शिक्षा तथा खेलकुद मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार शैक्षिक संस्थामा हप्ताको दुई दिन बिदा दिने व्यवस्था कार्यान्वयन गर्न स्थानीय तहलाई अनुरोध गरेपछि महानगरका केही संस्थागत विद्यालयले आइतबारसमेत पठनपाठन सञ्चालन गरेको जानकारीमा आएपछि दुई दिन अनिवार्य बिदा गर्न निर्देशन दिइएको महानगरका शैक्षिक प्रशासन महाशाखा प्रमुख आनन्द लामिछानेले जानकारी दिनुभयो

नगर शिक्षा समितिको यही असोज ५ गतेको निर्णयअनुसार महाशाखाले परिपत्र जारी गर्दै विद्यालय सञ्चालनमा एकरूपता कायम गर्न सबै विद्यालयलाई ताकेता गरेको हो।

महानगरले भनेको छ, "शिक्षा तथा खेलकुद मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार शनिबार र आइतबार गरी दुई दिन बिदा दिँदा विद्यार्थीको पठनपाठन समय तथा वार्षिक कार्यघण्टामा कमी आउन नदिने गरी विद्यालयले आवश्यक व्यवस्थापन गर्नुपर्छ, त्यसका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा पाठ्यक्रम विकास केन्द्रबाट जारी निर्देशनअनुसार दैनिक पठनपाठनको समय, वार्षिक शैक्षिक क्यालेन्डर र आवश्यक बिदालाई समायोजन गर्न विद्यालयसँग आग्रह छ।"

## बाँध भत्किएपछि महोत्तरी सदरमुकाम जलेश्वर जलमग्न



महोत्तरी १५ असोज/बलवा नगरपालिकाको वन्चौरी र महोत्तरी गाउँपालिकाको गोरिगमा तथा मडै बस्ती नजिक रातु नदीको बाँध भत्किदा जिल्ला सदरमुकाम जलेश्वर जलमग्न भएको छ।

मङ्गलबार नै भत्केको बाँधबाट पानी झर्दै बुधबार साँझदेखि जलेश्वरमा पानी पसेको हो। निकास नहुँदा पानी

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

### प्रशासनिक पुनर्संरचना र जनमुखी सेवा : निजामती क्षेत्रमा सुधारको नयाँ मोड

नेपालको सार्वजनिक प्रशासनको मेरुदण्ड मानिने निजामती सेवा लामो समयदेखि झन्झटिलो कार्यशैली, ढिलासुस्ती र परम्परागत कार्यसंस्कृतिको चपेटामा पर्दै आएको छ ।

सरकारी सेवा लिन जनताले घण्टौँ लाइन बस्नुपर्ने, सामान्य कामका लागि पनि महिनौँ धाउनुपर्ने र प्रक्रियागत अन्योलमा फस्नुपर्ने बाध्यता नौलो होइन । यसै पृष्ठभूमिमा सरकारले संघीय निजामती सेवा विधेयक, २०८३ लाई संघीय संसद् सचिवालयमा दर्ता गराई व्यापक प्रशासनिक सुधारको प्रयास अघि बढाउनु ढिलै भए पनि सकारात्मक र स्वागतयोग्य कदमका रूपमा देखिएको छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री द्वारा दर्ता गरिएको यस विधेयकले प्रशासन संयन्त्रलाई छिटो, छरितो, प्रविधिमैत्री र उत्तरदायी बनाउने लक्ष्य राखेको छ ।

प्रस्तावित विधेयकमा समेटिएका केही नयाँ व्यवस्थाहरूले प्रशासनिक वृत्तमा तरंग पैदा गरेको छ । कर्मचारीको ५५ वर्ष उमेर हद वा ३० वर्ष सेवा अवधि पूरा भएपछि अनिवार्य अवकाश दिने प्रावधान र अवकाश पाएका कर्मचारीलाई थप ३ वर्षको सेवा अवधि मानी ५८ वर्षकै आधारमा पेन्सन सुविधा दिने प्रस्ताव गरिएको छ । यसका साथै, सरकारी सेवाको विशिष्ट वा प्रथम श्रेणीबाट बाहिरिएपछि अन्य कूटनीतिक वा संवैधानिक नियुक्ति लिनका लागि दुई वर्षको 'कुलिङ पिरियड' को व्यवस्था प्रशासनिक क्षेत्रमा स्वच्छता र निष्पक्षता ल्याउन कोशेढुङ्गा साबित हुनसक्छ । तर, यो विधेयक संसद्मा दर्ता हुँदैमा तुरुन्तै लागू हुने होइन । यस महत्वपूर्ण दस्तावेजले संसद्का दुवै सदनमा दफावार छलफल, सांसदहरूका संशोधन प्रस्ताव र संसदीय समितिहरूको गहन मन्थनको लामो प्रक्रिया पार गर्न बाँकी नै छ ।

संसद्मा पुगेको यो विधेयक केवल कर्मचारीको सरुवा, बढुवा, र अवकाशको जोडघटाउमा मात्र सीमित हुनु हुँदैन । यसको मुख्य केन्द्रविन्दु जनताले पाउने सेवाको गुणस्तर र संघीय ढाँचा अनुरूप तीनै तहको प्रशासनिक समन्वय हुनुपर्छ ।

विगतमा पनि प्रशासनिक सुधारका थुप्रै प्रयासहरू राजनीतिक दाउपेच र स्वार्थका कारण संसदै थन्किएका उदाहरण छन् । कुनै पनि कानुनको वास्तविक कसी त्यसको कार्यान्वयनको तहमा मात्र देखिन्छ । संसद्मा दर्ता भइसकेको यस विधेयकलाई राजनीतिक दलहरूले दलीय स्वार्थभन्दा माथि उठेर छिटो र परिमार्जित रूपमा पारित गर्नुपर्छ ।

राजनीतिक नेतृत्वले कर्मचारीतन्त्रलाई आफ्नो स्वार्थ अनुकूल परिचालन गर्ने प्रवृत्ति त्याग्ने र कर्मचारीतन्त्रले पनि देश र जनताप्रति उत्तरदायी बन्ने प्रण गर्ने हो भने मात्र यो विधेयक सुशासन र समृद्धिको बलियो आधार बन्न सक्छ ।




# उत्थानशीलता जलवायु संयन्त्र




संयुक्त राष्ट्रसङ्घको महासभामा प्रधानमन्त्री वालेन्द्र शाहले हिमालय जलवायु उत्थानशीलताका लागि नेपाल, भारत र चीनको नेतृत्वमा संयन्त्र निर्माणको प्रस्ताव गर्नुभएको छ । जलवायु परिवर्तनसम्बन्धी अनुसन्धान, जोखिम मूल्याङ्कन र त्यससम्बन्धी सूचना समयमै आदानप्रदान गर्नु विपत् व्यवस्थापनका दृष्टिले अत्यन्तै महत्वपूर्ण कदम हो । खास गरी भूउपग्रहमार्फत प्राप्त गर्न सकिने वैज्ञानिक सूचना र त्यसको वस्तुनिष्ठ विश्लेषणबाट जलवायुसम्बन्धी पूर्वानुमानलाई भरपर्दो बनाउन सकिन्छ । पूर्वतयारीले विपत् टार्न त सकिँदैन तर त्यसबाट हुन सक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ ।

कठिन हिमाली भौगोलिक क्षेत्रमा निरन्तर विकास र लगातार भइरहने पारिस्थितिक प्रणालीको निरन्तर अवलोकन पनि भूउपग्रहमार्फत मात्रै गर्न सम्भव छ । हिन्दकुश हिमालय क्षेत्रमा हुने हलचलको प्रभाव तिब्बती र नेपाली पठार, हिमालय र पहाडी क्षेत्रमा मात्र होइन समग्र भारतीय उपमहादीपका तल्लो तटीय क्षेत्रसम्म नै पर्छ । तसर्थ हिमालय जलवायु उत्थानशीलताको नेतृत्व पनि नेपाल, चीन र भारतले गर्नु व्यावहारिक हुन्छ । आपसमा भूगोल जोडिएका यी देशले जलवायु सूचना प्रणालीको प्रभावकारी साझेदारी थाल्नुअघि नै पटक पटक विपत्को साझा भोगाइ बेहोरेका छन् । भौगर्भिक रूपमा पनि निरन्तर सङ्घर्षमा रहेको यो क्षेत्र भूकम्पीय दृष्टिले उच्च जोखिममा छ ।

#### चेतावनीको बेवास्ता

प्रधानमन्त्री शाहले सम्बोधनमा उल्लेख गरे जस्तै तीन वर्षअघि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले विश्वको सर्वोच्च शिखर सगरमाथा आधार शिविरबाट दिएको जलवायु परिवर्तनसम्बन्धी चेतावनी विश्वले खासै नसुनेको सत्य हो तर नेपाल आफैँले चाहिँ कति सुन्यो ? यो अर्को एक महत्वपूर्ण प्रश्न हो । नेपालमा स्वच्छ ऊर्जाका लागि जलविद्युत् उत्पादनमा लगानी बढेको छ । नयाँ आयात हुने सवारीका मुख्य हिस्सा स्वच्छ ऊर्जामा आधारित (विद्युतीय) छन् । ०.१ प्रतिशतभन्दा पनि थोरै हरितगृह ग्यास (कार्बन) उत्सर्जन गर्ने नेपालको झन्डै ४६ प्रतिशत भूभागमा हरियाली छ । वनक्षेत्रको पुनर्उत्थान समुदायको सानो प्रयत्नले सम्भव भएको पनि होइन तर प्राकृतिक प्रकोपको जोखिम मूल्याङ्कन, पूर्वतयारी र सूचना सम्प्रेषणका सन्दर्भमा भने स्वदेशभित्रै गर्नुपर्ने र गर्न सकिने ससाना काम पनि पर्याप्त मात्रामा भएका छैनन् ।

विसं २०८३ भदौ १० को हिमाली सुनामीको झन्डै १४ महिनाअघि (२०८२ असार २४) रसुवागढीको मितेरी पुल बगाउने गरी ठुलो बाढी आएको थियो । त्यतिबेलाको जनधनको क्षतिलाई पछिल्लो भोटेकोशी बाढीले स्वाभाविक रूपमा छायामा परेको छ । अघिल्लो वर्षको बाढीमा पनि थुप्रै नेपाली र चिनियाँ नागरिकले ज्यान गुमाएका थिए भने रसुवागढी सुक्खा बन्दरगाहमा राखिएका मालवाहक र भन्सार जाँचपासका क्रममा रहेका सयौँ सवारीसाधन बगेका थिए तर स्थानीय समुदाय र तिनै तहका सरकारका कुनै पनि संरचनाले त्यसलाई सन्निकट हिमाली सुनामीको सङ्केतका रूपमा बुझ्न सकेनन् । बरु बगाएको मितेरी पुल, एकीकृत जाँच चौकी र रसुवागढी स्याफ्रूबेँसी सडक पुनर्निर्माणका लागि नेपाल सरकारले छिमेकी मित्रराष्ट्र चीनलाई अनुरोध गर्‍यो । ती संरचना त्यसअघि पनि चिनियाँ सहयोगमै बनेका थिए । सामान्य पुनर्निर्माणपछि सुक्खा बन्दरगाह पूर्ववत् नदी किनारमै सञ्चालन गरियो । मानौँ, भविष्यमा फेरि त्यहाँ बाढी आउने छैन ।

मौसम पूर्वानुमान र जलवायु परिवर्तनसम्बन्धी वैज्ञानिक तथ्याङ्कमा नेपाल अन्य क्षेत्रमा जस्तै पछाडि छ । अघिल्लो वर्षको बाढीलगत्तै पनि जलवायु र भौगर्भिक सूचना साझेदारीका लागि अन्तरदेशीय संयन्त्रको आवश्यकता खड्किएको थियो तर त्यसलाई सरोकारवाला निकाय र उच्च पदाधिकारीले गम्भीरताका साथ लिएको पाइँदैन । चौध महिनाअघिको बाढीलाई पूर्वचेतावनीका रूपमा लिएर हिमाली क्षेत्रको जलवायु र भौगर्भिक परिवर्तनको ठोस अध्ययन हुन सकेको भए सायद भदौ १० को हिमाली सुनामीको पूर्वप्रक्षेपण हुन सक्थ्यो, जसले हजारौँको जीवन जोगाउन सक्थ्यो कि ?

#### हिमताल विस्फोटको जोखिम

हाम्रोमा हिमाली जलवायु परिवर्तन र भौगोलिक अध्ययन र पूर्वसतर्कताका काम हुँदै नभएका भने होइन । केही वर्षअघि दोलखाको च्छोरोल्पा हिमताल जोखिमको खतरा बढेका बेला अपनाइएको पूर्वतयारी र सतर्कतालाई उदाहरणका रूपमा हेर्न सकिन्छ । उक्त हिमताल विस्फोटको खतरा कम गर्न एकातिर क्रमिक रूपमा पानी निष्कासनको कृत्रिम प्रणाली जडान गरिएको थियो भने अर्कोतर्फ तल्लो तटीय क्षेत्रमा साइरनलगायतका पूर्वसूचना प्रणाली जडान गरिएका थिए । त्यस्तै सोलुखुम्बुकै इम्जा हिमतालको पानी घटाइएको थियो । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को अध्ययन प्रतिवेदन (२०२०) अनुसार हिन्दकुश हिमालय क्षेत्रमा नेपाल, भारत र चीनका तीन हजार ६२४ हिमतालमध्ये ४७ वटा विस्फोटको उच्च जोखिममा छन् । यस्तो उच्च खतरामा नेपालका २१ र तिब्बतका २५ हिमताल छन् ।

रसुवाको ल्हेन्देखोलादेखि त्रिशूली नदी किनारका बासिन्दालाई हिमाली सुनामीको सम्भावित आकारबारे मात्र सचेत गराउन सकिएको भए नुवाकोटको देवीघाट र त्रिशूली बजारका धेरैको जीवन जोगिन सक्थ्यो । केही ढिला गरी भए पनि उनीहरूमध्ये धेरैले बाढीको सूचना पाएका थिए, प्रहरीले माइकिङ गरेको थियो तर धेरै मानिस उकालो होइन, बाढीको आकार आकल नगरी पुलतिर लागे । यसमा उनीहरूलाई मात्र दोषी ठान्नु गल्ती हुन्छ किनभने इतिहासमा कहिल्यै पनि यो स्तरको प्रलय सुनिएको थिएन । समुद्र मन्थनको चर्चा हुने धार्मिक ग्रन्थमा हिमाली सुनामीको चर्चा छैन । सायद त्यसैले आममानिसले रसुवा बाढीको पूर्वसूचनालाई गम्भीर रूपमा लिन सकेनन् । सामाजिक सञ्जालमा भिडियो हाल्ने लत लागेका कतिपय युवा भने अञ्जानमै भिडियो खिच्नतिर लागे । यसले प्रकोप सतर्कता र आपत्कालीन सुरक्षालाई नागरिक शिक्षाको अभिन्न अङ्गका रूपमा समेट्नुपर्ने नयाँ आवश्यकता औँल्याएको छ । विपत् प्रक्षेपण, पूर्वतयारी र उत्थानशीलताबारे हाम्रा छिमेकी देशका आआफ्नै अभ्यास र अनुभव छन् । दुवै छिमेकी राष्ट्रसँग कूटनीति, वाणिज्य, वैदेशिक सहयोग जस्ता थुप्रै क्षेत्रमा अन्तरसरकारी संयन्त्र छन् तर जलवायु र जोखिम पूर्वसूचना आदानप्रदानको प्रभावकारी संयन्त्र छैन । यद्यपि हिमाली सुनामीपछिको उद्धार व्यवस्थापनमा उत्तरी चीनले स्याटेलाइट डेटा र तस्बिरका आधारमा थप जोखिम पूर्वानुमान र सतर्कताका लागि महत्वपूर्ण सहयोग पुर्‍याएको छ । मौसम पूर्वानुमान मात्र नभई दुई देशीय सीमाक्षेत्रमा विस्फोटको खतरामा रहेका हिमतालको अवस्थाबारे भौगोलिक, भौगर्भिक र भूउपग्रहमा आधारित सूचना आदानप्रदानको भरपर्दो स्थायी प्रणाली विकास गर्न सक्दा मात्रै नेपालसहित तल्लो तटीय क्षेत्रका बासिन्दाको जीवन जोगाउन सकिन्छ । कृत्रिम बौद्धिकता र अन्तरिक्ष अन्वेषणमा महाशक्ति हुँदै गरेको छिमेकी चीनसँग भूउपग्रहबाट प्राप्त जलवायुसम्बन्धी सूचना साझेदारी गर्नुको विकल्प छैन ।

हिमाली पर्यावरण संरक्षणमा विश्वको ध्यानाकर्षण गर्न नेपाल सरकारले २०८२ जेठको पहिलो साता सगरमाथा संवाद आयोजना गरेको थियो । दुःखद संयोग कस्तो परेको थियो भने विश्वभरका संरक्षणविद् काठमाडौँमा भेला हुँदै गर्दा २०८२ जेठ १ गते हिमबाढीका कारण हुम्लाको नाम्खा गाउँपालिकाको तिला गाउँ नै विस्थापित हुनु पर्‍यो । हिमाली पर्यावरण र हिमतालको जोखिमको अवस्थाबारे भरपर्दो पूर्वसूचना भएको भए सायद हुम्लाको तिला गाउँका बासिन्दालाई त्यस वर्षको जेठअगावै र रसुवागढी क्षेत्रका बासिन्दालाई असार नलाग्दै सुरक्षित स्थानमा लान सकिन्थ्यो ।

#### सुरक्षित विकल्पको खोजी

नेपाल चीन जोड्ने सबैभन्दा पुरानो सडक कोदारी राजमार्ग २०७२ को भूकम्पपछि निरन्तर बन्दप्रायः छ । त्यसपछि प्राथमिकतामा परेको रसुवागढी नाका कोरोना महामारीका कारण झन्डै तीन वर्ष अवरुद्ध थियो । व्यापारिक लय पक्रिने सँघारमै रहेका बेला १४ महिनाअघिको बाढीले अवरुद्ध दुईदेशीय सडक सम्बन्ध राम्ररी पुनर्स्थापित नै भइसकेको थिएन । राजधानी काठमाडौँबाट छोटो दुरी, सबै मौसममा यातायात सञ्चालन हुन सक्ने अनुकूल भूगोलका कारण रसुवागढी र तातोपानी नाका मात्रै नेपाल-चीन पारवहनका मुख्य नाका थिए । परम्परागत र मौसमी रूपमा सञ्चालनमा रहेका तिङ्कर, ताक्लाकोट, किमाथाङ्का, ओलाङचुङ्गोलालगायतका नाका मूलतः दुईदेशीय मित्रताका प्रतीक हुन् । पछिल्लो विकल्पमा सञ्चालनमा ल्याइएको मुस्ताङको कोरोला नाका भौगोलिक रूपमा दुरुह र मुख्य सहरी क्षेत्रबाट निकै टाढा छ । दक्षिण एसियाकै व्यापरिक ढोका बनाउने लक्ष्यका साथ सञ्चालनमा ल्याइएको रसुवागढी नाका पूर्ण रूपमा ध्वस्त हुँदा पनि यसको सुरक्षित विकल्प सोचिएकोसम्म पनि छैन ।

भूगर्भ जस्तै हिमाली शृङ्खला र खोचमा के भइरहेको छ, पूर्वानुमान गर्न गाह्रो छ । हो, यही जोखिम पूर्वानुमानका लागि हामीलाई भूउपग्रहदेखि भौगर्भिक सूचनासम्मको पहुँच आवश्यक छ । विश्व समुदाय, त्यसमा पनि छिमेकीसँगको साझा सूचना र प्राविधिक सहयोग आदानप्रदानका लागि प्रधानमन्त्रीले राष्ट्रसङ्घमा प्रस्ताव गरे जस्तो साझा संयन्त्र सहगोगी हुन सक्छ । जलवायु जोखिम र अन्य प्राकृतिक प्रकोपका महत्वपूर्ण सूचना आदानप्रदान र भरपर्दो सतर्कता प्रणालीबाट मात्रै जनधनको क्षति न्यूनीकरण सम्भव छ । हिन्दकुश हिमालय पर्यावरणमा आश्रित दुई अर्ब मानिसको सुन्दर भविष्यका लागि हिमालय क्षेत्रलाई भूराजनीतिक सङ्घर्ष होइन जलवायु न्यायसहितको अन्तर्राष्ट्रिय सहकार्यको क्षेत्र बनाइनु पर्छ किनकि प्रधानमन्त्रीले सम्बोधनमा उल्लेख गरे जस्तै जलवायु परिवर्तनले सीमा चिन्दैन । हिमनदी र बाढी राहदानीमा भिसा लगाएर आउँदैन ।

**साभारः गोरखापत्र**

# कांग्रेस महाधिवेशन : एउटै परिवारका ११ जना क्षेत्रीय प्रतिनिधि

काठमाडौं १५ असोज/नेपाली कांग्रेसका केन्द्रीय सदस्य राधेश्याम पाठकको परिवारका ११ जना पार्टीको १५औं महाधिवेशनअन्तर्गत क्षेत्रीय प्रतिनिधिमा चयन भएका छन्।

नवलपरासी (पश्चिम)को रामग्राम नगरपालिका( ९ मा ५ असोजमा सर्वसम्मत चयन भएका २४ जना क्षेत्रीय प्रतिनिधिमध्ये पाठक परिवारका ११ जना परेका हुन्।

क्षेत्रीय प्रतिनिधिको सूचीमा केन्द्रीय सदस्य राधेश्याम पाठकसँगै चन्द्रशेखर पाठक, आशुतोष पाठक, कालिन्दी पाठक, गीता पाठक, जयदेव पाठक, तुषार पाठक, दामोदर पाठक, वेदव्यास पाठक, भोला पाठक र विश्वम्भरप्रसाद पाठक रहेका छन्।

पाठक विशेष महाधिवेशनबाट मधेसी क्लस्टरतर्फबाट कांग्रेस केन्द्रीय सदस्य बन्नुभएको थियो। उहाँले आफ्नो परिवारका ११ जना क्षेत्रीय प्रतिनिधिमा चयन भएको स्वीकार गर्नुभएको छ।

पाठकले भने क्षेत्रीय प्रतिनिधि चयनमा आफूले हस्तक्षेप नगरेको दाबी गर्नुभएको छ। उहाँका अनुसार वडा नम्बर ९ मा पाठक परिवारका करिब दुई सय परिवार रहेका छन् र कार्यकर्ताले मतदान तथा सहमतिका आधारमा प्रतिनिधि चयन गरेका हुन्।

'एउटै परिवारको होइन। त्यहाँ हाम्रो दुई सय परिवार छ,' पाठकले भन्नुभयो, 'कार्यकर्ताले प्रतिनिधि बनाएका हुन्। बनाउँदा त कसैको टाउको दुखाइको विषय भएको थिएन।'

उहाँले एउटै घरमा तीन जना सदस्य भएका नेताका परिवारका तीनै जना प्रतिनिधि बन्न सक्ने तर ठूलो परिवारका धेरै सदस्य प्रतिनिधि बन्दा प्रश्न उठाउनु उचित नहुने तर्क गर्नुभयो।

'जसको घरमा तीन जनामात्रै छन्, उनीहरू तीनै जना प्रतिनिधि बन्न मिल्ने, त्यो राम्रो भयो ?,' उहाँले प्रश्न गर्दै भन्नुभयो, 'जसको घरमा दुई सय जना छन्, उसले १० जना बनाउँदा नराम्रो भयो ?'

पाठकका अनुसार रामग्राम नगरपालिका( ९ का चार गाउँमा पाठक समुदायका करिब दुई सय परिवार छन्। यही आधारमा आफ्नो परिवारका ११ जना क्षेत्रीय प्रतिनिधि चयन भएको उहाँको दाबी छ।

कांग्रेसको १५औं महाधिवेशनको प्रक्रिया अघि बढिरहेका बेला एउटै परिवारका ठूलो संख्यामा सदस्य क्षेत्रीय प्रतिनिधिमा चयन भएपछि उक्त विषय पार्टीभित्र चर्चामा आएको छ।

# वामपन्थी नेता घनेन्द्र बस्नेतको निधन



काठमाण्डौ १५ असोज/वामपन्थी नेता तथा पूर्वसांसद घनेन्द्र बस्नेतको निधन भएको छ।

२०३३ सालमा झापा आन्दोलनका तत्कालीन अगुवा सिपी मैनाली र प्रदीप नेपालसहितका नेताहरूसँग मिलेर नक्खु जेल ब्रेक गर्नेमध्येका एक बस्नेत केही समयदेखि क्यान्सर रोगबाट पीडित हुनुहुन्थ्यो।

भोजपुर स्थायी घर भएका बस्नेत एमाले विभाजनपछि बनेको नेकपा समाजवादीका पूर्ववरिष्ठ नेता पनि हुनुहुन्थ्यो। भक्तपुरको क्यान्सर अस्पतालमा उपचारका क्रममा उहाँको हिजो निधन भएको हो।

एमाले अध्यक्ष केपी शर्मा ओलीले शोक वक्तव्य निकाल्दै नेपालको कम्युनिस्ट आन्दोलन र लोकतान्त्रिक आन्दोलनमा बस्नेतको योगदान अविष्मरणीय रहेको उल्लेख गर्नुभएको छ।

# जापानले स्थायी बसोबासको शुल्क २० गुणा बढायो

काठमाण्डौ, १५ असोज/जापानले स्थायी बसोबासको अनुमति लिन चाहने विदेशीहरूका लागि लाग्ने शुल्क २० गुणाले बढाएर २ लाख येन अर्थात् १ हजार ३७० अमेरिकी डलर पुऱ्याएको छ। यो शुल्क नेपालीमा १ लाख ९५ हजार रुपैयाँ हुन आउँछ।

स्थायी बसोबासको अनुमति चाहनेहरूले अब आम्दानी, निवृत्तिभरण र जापानी भाषासम्बन्धी नयाँ मापदण्डहरू पनि पूरा गर्नुपर्ने बीबीसीले जनाएको छ।

यस हप्ताको शुरूमा शुल्क वृद्धि हुनुअघि नै आवेदन दिनेहरूको प्रयासका कारण अध्यागमन कार्यालयहरू बाहिर लामो लाइन लागेको थियो। टोकियोको मुख्य अध्यागमन कार्यालयमा त पालो कुर्न ७ घण्टाभन्दा धेरै समय लागेको खबरमा उल्लेख छ।

शुल्कमा गरिएको यो वृद्धि प्रधानमन्त्री साने ताकाइचीको नेतृत्वमा जापानको आप्रवासन नीतिमा गरिएका विभिन्न परिवर्तनहरूको एक हिस्सा हो जसको उद्देश्य तीव्र गतिमा बढिरहेको विदेशी जनसङ्ख्यालाई व्यवस्थापन गर्नु हो।

गएको जुलाईमा जापानले सबै विदेशीहरूका लागि भिसा शुल्कमा पाँच गुणा वृद्धि लागू गरेको थियो जुन ५० वर्षयताको पहिलो पटक गरिएको भिसा शुल्क वृद्धि हो। अधिकारीहरूका अनुसार यो कदम महँगी र विनिमय दरमा हुने उतारचढावलाई समायोजन गर्न चालिएको थियो।

जापानमा आप्रवासनको विषय राजनीतिक रूपमा संवेदनशील र कडा नियमनयुक्त भए पनि बढ्दो उमेरको जनसङ्ख्याका कारण श्रमको अभाव पूर्ति गर्न विदेशी कामदारहरूमाथि बढ्दो रूपमा निर्भर हुनुपर्ने बाध्यता छ।

सन् २०२५ को अन्त्यसम्ममा जापानमा बसोबास गर्ने विदेशीहरूको सङ्ख्या ४१ लाख २० हजार नाघेको छ जुन अघिल्लो वर्षको तुलनामा ९.५ प्रतिशतको कीर्तिमानी वृद्धि हो। यद्यपि यसले आप्रवासन र सामाजिक परिवर्तनलाई लिएर बढ्दो चिन्ता पनि सिर्जना गरेको छ।

## हिम्लुङहिमपहिरोमा...

आठ शवमध्ये दुई वटा शव चामेस्थित अस्पतालमा ल्याइएको छ भने ६ शव फुगाउँसम्म ल्याइएको नेपाली सेनाले जनाएको छ। नेपाली सेनाको हेलिकप्टबार शव ल्याइएका हुन्।

# एशियाली खेलकुद क्रिकेट : स्वर्ण पदकका लागि भारत र पाकिस्तान खेल्ने

काठमाण्डौ १५ असोज/जापानमा चलिरहेको २०औं संस्करणको एशियाली खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष क्रिकेटमा स्वर्ण पदकका लागि भारत र पाकिस्तान खेल्ने भएका छन्।

निशिनमा रहेको करोगी स्पोर्ट्स पार्कमा आज भएको सेमिफाइनलमा पाकिस्तानले बङ्गलादेशलाई ६ विकेट र भारतले श्रीलङ्कालाई १२४ रनले हराउँदै फाइनलमा भेट पक्का गरेका हुन्।

बङ्गलादेशले दिएको ११२ रनको लक्ष्य पाकिस्तानले ११ ओभर ३ बलमा ४ विकेट गुमाएर भेटायो। पाकिस्तानका अब्दुल समदले १५ बलमा नटआउट ३० रन बनाए। बङ्गलादेशका मेहदी हसन, नसुम अहमद, मुस्ताफिजुर रहमान र रिशद होसेनले १/१ विकेट लिए।

यसअघि टस हारेर ब्याटिङ गरेको बङ्गलादेशले १३ ओभरमा घटाइएको खेलमा ७ विकेट गुमाएर १११ रन बनायो। बङ्गलादेशका त्वहिद हृदयले ४२ रन बनाए। पाकिस्तानका सुफयान मोकिमले ३ विकेट लिए।

यस्तै भारतले दिएको १७० रनको लक्ष्य पछ्याएको श्रीलङ्काले ९ ओभर ५ बलमा ४५ रन बनाउँदा सबै विकेट गुमायो। श्रीलङ्काका निवानिदु फर्नान्डोले सबैभन्दा धेरै १५ रन बनाए। भारतका जसप्रित बुमराह, अक्षर पटेल र अभिषेक शर्माले २/२ विकेट लिए।

यसअघि टस हारेर ब्याटिङ गरेको भारतले २० ओभरमा ७ विकेट गुमाएर १६९ रन बनायो। भारतका ईशान किशनले ४६ बलमा नटआउट ८० रन, वैभव सूर्यवंशीले ३८ रन बनाए। श्रीलङ्काका थरिन्दु रत्नायके र सहन अराच्चिगेले २/२ विकेट लिए।

स्वर्ण पदकका लागि भारत र पाकिस्तानबीचको फाइनल खेल पर्सि शनिवार हुनेछ। एशियाली खेलकुदमा क्रिकेटको स्वर्ण पदकका लागि दुई एशियाली शक्तिबीचको खेललाई विशेष महत्त्वका साथ हेरिएको छ।

यस्तै सेमिफाइनलमा पराजित भएका बङ्गलादेश र श्रीलङ्काले कांस्य पदकका लागि शनिवार नै खेल्नेछन्।

## बाँधभत्किएपछिम...

जम्दै गएर आज बजारक्षेत्र जलमग्न भएको छ।

जलेश्वर(१ नगरपालिकाचोकदेखि हटिया क्षेत्रमा जताततै पानी छ। तीन ठाउँमा भत्किएको बाँधले मडै, गोरीगमामा खेत काटेर नोक्सान गरेको छ।

'वर्सेनि यिनै ठाउँमा बाँध भत्किने गरेको छ,' महोत्तरी( ६ गोरीगमाका किसान भोला महतोले भन्नुभयो, 'बाढीले पोटाउने बेलाको धान लडाएर सोत्तर बनाएको छ।'

गत वर्ष पनि वन्चौरीमा बाँध फुटेको थियो। जलेश्वर डुबानमा परेपछि यातायातका साधन चलाउन अप्ठ्यारो भएको छ। हिँडडुल गर्न पनि असजिलो भएको जलेश्वर( १ का विनोद पासवानले बताउनुभयो।

बाढी नगरक्षेत्रमा पसेपछि भत्किएको ठाउँमा तत्काल मर्मतसम्भार र जलेश्वर पुछारमा पानी निकासको प्रबन्ध थालिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिनुभयो।

बाढी पसेपछि महोत्तरी गाउँपालिकाका रतबारा, मडै र गोरिगामा तथा जलेश्वर नगरपालिकाको छोट्का रतबारा, बजराही र धवौलीमा धानबाली नोक्सान भएको छ।

## तलबबढाउनमाग...

कार्य प्रभावित भएको छ।

स्वीपरहरू हडतालमा गएपछि गौर नगरपालिकाका विभिन्न टोल तथा बजार क्षेत्रबाट दैनिक रूपमा संकलन हुने फोहोर आज उठ्न नसकेको गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले बताउनु हो।

तलब वृद्धि लगायतका माग राख्दै करारका स्वीपरहरूले काम रोकेका कारण नगरको सरसफाइ व्यवस्थापनमा समस्या देखिएको साहले जानकारी दिनुभयो। नगरपालिकामा स्थायी दरबन्दीमा कार्यरत तीन जना स्वीपर फोहोर उठाउन तयार रहे पनि उनीहरूलाई समेत काम गर्न नदिइएको बताइएको छ।

आन्दोलनका कारण नियमित फोहोर संकलन तथा व्यवस्थापन कार्य पूर्णरूपमा प्रभावित भएको जनाइएको छ। नगर क्षेत्रमा फोहोर थुप्रिँदा स्वास्थ्य तथा वातावरणमा समेत असर पर्न सक्ने भएकाले तत्काल समस्या समाधान गरी सरसफाइ सेवा नियमित गर्नुपर्ने स्थानीयको माग छ।

सैबीच, गौर नगरपालिकाले फोहोर संकलन तथा व्यवस्थापन नियमित नभएसम्म आफ्ना घर, पसल तथा व्यापारिक प्रतिष्ठानबाट निस्कने फोहोर जथाभावी सडक तथा सार्वजनिक स्थानमा नफाल्न नगरवासीलाई आग्रह गरेको छ। नगरपालिकाले फोहोरलाई सुरक्षित रूपमा व्यवस्थापन गरी सरसफाइ कायम राख्न सबै नगरवासीमा अनुरोध गरेको छ।

## बारामादेउवासमूहको...

नयाँ कार्यतालिका अनुसार असोज २० मा पालिका, असोज २३ मा प्रदेश सभा क्षेत्र र मंसिर ४ गते प्रदेश अधिवेशन गरिने जनाइएको छ।

१४औं महाधिवेशनबाट निर्वाचित कार्यसमिति नै आधिकारिक रहेको दाबी गर्दै देउवा समूह संस्थापनले डाकेको महाधिवेशनमा सहभागी भएको छैन।

संस्थापन पक्षले भने बाराको चार वटै क्षेत्रमा वडा, पालिका र क्षेत्रस्तरका सबै अधिवेशनहरू सम्पन्न गरिसकेको छ।

कांग्रेसको आधिकारिकतासम्बन्धी विवाद अदालतमा विचाराधीन रहेकाले अहिले नै महाधिवेशन गर्न नहुने अडान देउवा पक्षको थियो। तर संस्थापन पक्षले महाधिवेशनको प्रक्रिया अघि बढाएपछि देउवा समूहले पनि आगामी मंसिर २१ गतेका लागि १५औं महाधिवेशनको मिति तोक्दै समानान्तर कार्यक्रम सार्वजनिक गरेको हो।







# सिरहाबाट एक हजार १०२ किलो गाँजासहित बोलेरो र मोटरसाइकल बरामद



सिरहा, १५ असोज/सशस्त्र प्रहरीले सिरहाबाट एक हजार १०२ किलोभन्दा बढी गाँजासहित बोलेरो गाडी र मोटरसाइकल बरामद गरेको छ। सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण सुरक्षा बेस गोलबजार र सुरक्षा बेस सुखीपुरको संयुक्त टोलीले बुधबार राति करिब १ बजे सुखीपुर नगरपालिका(१० विश्वकर्माचोकस्थित गागन खोलाको पुलबाट गाँजा बोकेको बोलेरो गाडी र मोटरसाइकल नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार बा. १४ च २९४ नम्बरको बोलेरो गाडी र सा६ प ४८५९ नम्बरको मोटरसाइकलमा गाँजा ओसारपसार भइरहेको अवस्थामा टोलीले नियन्त्रणमा लिएको हो। प्रहरी टोलीलाई देखेपछि चालक तथा मोटरसाइकल चालक सवारीसाधन छाडेर फरार भएका थिए।

बरामद गाँजा २६ वटा बोरामा प्याक गरिएको अवस्थामा रहेको र तौल गर्दा १ हजार १०२ दशमलव ६५५ किलोग्राम रहेको सशस्त्र प्रहरीले जनाएको छ।

बरामद गाँजा, बोलेरो गाडी र मोटरसाइकल आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया भइरहेको सशस्त्र प्रहरी बल नेपालका सहप्रवक्ता डीएसपी शैलेन्द्र थापाले जानकारी दिनुभयो।

# मर्मतका लागि बिजुलीको पोल चढेका युवकको करेन्ट लागेर मृत्यु



जनकपुरधाम १५ असोज/धनुषामा बिजुलीको पोलमा चढेर विद्युत् मर्मत गर्ने क्रममा करेन्ट लाग्दा एक युवकको मृत्यु भएको छ।

मृत्यु हुनेमा क्षिरेश्वरनाथ नगरपालिका( ९ औराहा टोलका ३२ वर्षीय श्रवण साह छन्। घटना बिहान पौने १० बजेको रहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी ओमप्रकाश खनालका अनुसार साहले छिमेकीको घरमा विद्युत् बिग्रिएको भन्दै मर्मत गरिदिन आग्रह गरेपछि उनी पोल चढेका थिए।

मर्मतकै क्रममा उनको करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको हो।

# दसैंका लागि नयाँ नोट साट्न छुट्टै मिति नतोक्ने राष्ट्र बैंकको तयारी



वीरगञ्ज, १५ असोज/नेपाल राष्ट्र बैंकले यस वर्षको बडादसैंलाई लक्षित गर्दै नयाँ तथा खुद्रा नोट सटहीका लागि कुनै छुट्टै विशेष मिति नतोक्ने भएको छ। विगतका वर्षमा दसैंअघि निश्चित मिति तोकेर नयाँ नोट वितरण गर्दै आएको राष्ट्र बैंकले यसपटक भने नियमित प्रक्रियामार्फत नै नोट सटही सुविधा उपलब्ध गराउने तयारी गरेको हो।

राष्ट्र बैंकका अनुसार सर्वसाधारणले नयाँ नोट साट्न अब विशेष मिति वा तोकिएको दिन कुर्नुपर्ने छैन। नियमित कार्यालय समयमै राष्ट्र बैंकका काउन्टरबाट नयाँ तथा खुद्रा नोट सटही गर्न सकिने व्यवस्था गरिनेछ

बजारको माग र आवश्यकतालाई ध्यानमा राखेर नियमित रूपमा नोट उपलब्ध गराउने राष्ट्र बैंकको तयारी छ। केन्द्रीय बैंकसँग पर्याप्त मात्रामा नयाँ नोट मौज्दात रहेकाले मागअनुसार वितरण गरिने र नयाँ नोटले मात्र माग धान्न नसकेको अवस्थामा सुकिला नोटसमेत सटहीका लागि उपलब्ध गराइने जनाइएको छ।

नयाँ तथा खुद्रा नोट राष्ट्र बैंकका काउन्टरबाट मात्र नभई बैंक तथा वित्तीय संस्थामार्फत समेत सर्वसाधारणले प्राप्त गर्न सक्नेछन्। वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाहरूले राष्ट्र बैंकबाट नोट लिएर आफ्ना ग्राहकलाई सटही सुविधा उपलब्ध गराउँदै आएका छन्।

राष्ट्र बैंकमा नोट सटहीका लागि पुग्ने सेवाग्राहीले हाल दुई बन्डलसम्म नयाँ नोट साट्न पाउने व्यवस्था रहेको छ। एउटा बन्डलमा ५, १०, २०, ५० र १०० रुपैयाँ दरका नोटहरू एक(एक सय थान रहने व्यवस्था छ।

राष्ट्र बैंकका अनुसार व्यक्तिगत प्रयोजनका लागि मागअनुसार नयाँ नोट मात्र उपलब्ध गराउन नसकिने अवस्था आउन सक्नेछ। तर व्यापारिक प्रयोजनका लागि भने आवश्यकता र उपलब्धताका आधारमा नयाँ तथा सुकिला नोट सटहीको सुविधा उपलब्ध गराइनेछ।

विगतमा दसैंअघि नयाँ नोट साट्न राष्ट्र बैंक तथा बैंकका काउन्टरमा ठूलो भीड र लामो लाइन लाग्ने गरेको थियो। विशेष मिति नतोकी नियमित कार्यालय समयमै सटही सुविधा उपलब्ध गराउने व्यवस्थाले दसैंको समयमा हुने भीडभाड र सेवाग्राहीको प्रतीक्षा समय घटाउने अपेक्षा गरिएको छ।

# धनुषामा टिपर अनलोड गर्ने क्रममा पल्टिँदा एक जनाको मृत्यु, चालक घाइते



जनकपुरधाम, १५ असोज/धनषाको मिथिला नगरपालिकास्थित एक क्रसर उद्योगमा बालुवा-गिट्टी अनलोड गर्ने क्रममा टिपर पल्टिँदा पुरिएर एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा मिथिला नगरपालिका-३ लालभित्तिस्थित औरही बाबा बालुवा प्रशोधन उद्योगका सञ्चालक रामसागर महतोका ३६ वर्षीय छोरा हरि महतो रहेका छन्।

बिहीबार बिहान करिब ७:२० बजे प्रदेश २-०२-००१ ख ०१७१ नम्बरको टिपरबाट बालुवा-गिट्टी खन्याउने क्रममा दुर्घटना भएको हो। दुर्घटना गम्भीर घाइते भएका हरिलाई उद्योगभित्रै रहेको जेसीबीको सहयोगले तत्काल उद्धार गरी उपचारका लागि जानकी मेडिकल कलेज, रमदैया पठाइएको थियो।

उपचारकै क्रममा बिहान १०:२० बजे उनको निधन भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी ओमप्रकाश खनालले जानकारी दिनुभयो

सोही दुर्घटनामा परी टिपर चालक गणेशमान चारनाथ नगरपालिका- ६ गोदारका करिब ३० वर्षीय हरिबहादुर विश्वकर्मा पनि घाइते भएका छन्।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# पूर्व मधेस प्रदेशसभा सदस्य यादव तीन लाख धरौटीमा रिहा



सर्लाही, १५ असोज/पूर्व मधेस प्रदेशसभा सदस्य एवम् नेपाली कम्युनिष्ट पार्टीका नेता अशोककुमार यादव तीन लाख रुपियाँ धरौटी बुझाएर रिहा हुनुभएको छ।

बुधबार सर्लाही जिल्ला अदालतका न्यायाधीश मनोजकुमार श्रीवास्तवको इजालासले धरौटीमा रिहा गर्न आदेश दिएपछि यादव तीन सातापश्चात हिरासतमुक्त हुनुभएको हो। यादवलाई प्रहरीले गत भदौ २३ गते आपराधिक उपद्रव तथा कुटपिट गरी अङ्गभङ्ग मुद्दामा ललितपुरबाट पक्राउ गरी सर्लाही ल्याएको थियो।

उहाँलाई सर्लाहीका पूर्व प्रहरी प्रमुख (एसपी) योगेन्द्रकुमार खड्कालाई गालीगलौच गरेको र प्रहरीमाथि कुटपिट गरेको आरोपमा कारवाही चलाइएको थियो। अदालतको आदेशपछि तीन लाख रुपियाँ धरौटी बुझाएर बुधबार साँझ हिरासतमुक्त हुनुभएका यादवले अनियमितता र अत्याचारको विरुद्ध आवाज उठाउँदा आफू बारम्बार प्रहरी, प्रशासनको निसानामा परेको बताउनुभएको छ।

# रौतहटमा मोटरसाइकल दुर्घटना हुँदा २८ वर्षीय युवकको मृत्यु

रौतहट, १५ असोज/रौतहटको बौधिमाई नगरपालिका(८ स्थित मौलापुर(बंकुल भित्री सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा एक युवकको मृत्यु भएको छ।

बुधबार राति मौलापुरबाट बंकुलतर्फ जाँदै गरेको ग्च०५ब ०९०५ नम्बरको मोटरसाइकल तीव्र गतिका कारण अनियन्त्रित भई सडक छेउको रुखमा ठोक्किँदा दुर्घटना भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा परोहा नगरपालिका( ९ निवासी लालबाबु दासका छोरा अन्दाजी २८ वर्षीय जितेन्द्र दासको घटनास्थलमै मृत्यु भएको रौतहट प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक बसन्त गौतमले जानकारी दिनुभयो।

प्रहरीका अनुसार दुर्घटनाको कारण र घटनासम्बन्धी थप विवरणबारे अनुसन्धान भइरहेको छ।

# हिम्लुङ हिमपहिरोमा थप चार शव फेला, मृत्यु हुनेको संख्या १५ पुग्यो

काठमाडौं, १५ असोज/मनाङको हिम्लुङ हिमालमा बिहीबार अपराह्न थप चार जनाको शव भेटिएसँगै मृत्यु हुनेको संख्या १५ पुगेको छ। यसअघि आजै चार शव फेला परेका थिए।

हिमपहिरोमा हराइरहेका आरोहीको खोज तथा उद्धारमा खटिएको नेपाल राष्ट्रिय पर्वतारोहण तथा पर्वतारोहण गाइड संघको टोलीले बिहीबार दिउँसो र अपराह्न गरी आठ शव फेला पारेको हो। उद्धार टोली प्रमुख पासाङ काजी शेर्पाले आज आठ शव फेला परेको जानकारी दिनुभएको छ।

यसअघि बुधबार तीन जनाको शव भेटिएको थियो। खोज तथा उद्धार टोलीले आश गुरुङ, सुरज राई र पदम मगरको शव फेला परेको थियो।

त्यस्तै, आइतबार र सोमबार चार जनाको शव भेटिएको थियो। वीरेन्द्र गुरुङ, घनश्याम राई, छेवी भोटे र पासाङ भोटेको शव भेटिएको उद्धार टोलीले जनाएको छ।

असोज ११ गते मनाङको नार्फाभूमि गाउँपालिका(५ स्थित हिम्लुङ हिमालमा हिमपहिरो गएको थियो। हिमपहिरोमा १६ जना हराएका थिए भने ११ जना दोस्रो दिन सम्पर्कमा आएका थिए।

हिमपहिरोमा हराएकामध्ये बिहीबार अपराह्नसम्म १५ जनाको शव भेटिएको छ। अझै एक जना हराइरहेका छन्। हराएका आरोहीको खोजी जारी रहेको संघले जनाएको छ।

आरोही पासाङ काजी शेर्पाको नेतृत्वमा ११ जनाको टोली खोज तथा उद्धारमा खटिएको छ। खोज तथा उद्धार टोलीमा विक्रम कार्की, दावा जंबु शेर्पा, निगिमा टासी शेर्पा, बलराम गोम्बू, काजी शेर्पा, दा नोर्बु शेर्पा, दावा संगे शेर्पा, टार्के शेर्पा र दावा तेन्जी शेर्पा रहेका छन्।

उनीहरू हिमपहिरो गएकै दिन असोज ११ गतेदेखि खोज तथा उद्धारमा खटिएका थिए। मौसम खराबीका कारण खोज तथा उद्धारमा कठिनाइ भएको टोली प्रमुख शेर्पाले जनाएका छन्।

हिम्लुङ हिमपहिरोबाट निकालिएका

*बाँकी तेश्रो पेजमा*

## विज्ञापन बोर्डमा सूचीकृत हुनु भयो त?

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं ।

विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा-सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के.एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३